# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२०५ बारा, २०८३ भदौ ३० गते मंगलबार / चतुर्थी / नेपाल संवत् ११४६ / Tuesday, September 15 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## क्यासिनोबाट पक्राउ परेका सखुवा प्रसौनी अध्यक्षसहित आठै जना धरौटीमा रिहा



वीरगञ्ज, २९ भदौ / पर्साको वीरगञ्ज महानगरपालिका-१४ गण्डकस्थित क्लर्क रिसोर्टमा रहेको गोल्डेन फिंगर गेमिङ जोन प्रालि. (क्यासिनो) बाट पक्राउ परेका सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवसहित आठै जना धरौटीमा रिहा भएका छन् ।

जिल्ला प्रशासन कार्यालय पर्साका अनुसार प्रमुख जिल्ला अधिकारी भोला दाहालको आदेशमा सोमबार अध्यक्ष यादवसहित पक्राउ परेका आठै जनाले धरौटी बुझाएपछि रिहा भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार अध्यक्ष यादवले २५ हजार

बाँकी तेश्रो पेजमा

## वीरगञ्जका मेयर राजेशमान सिंहलाई विशेष अदालतबाट सफाइ

वीरगञ्ज, २९ भदौ / वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले नागरिकता दिलाउने क्रममा गलत लिखत तयार गरेको आरोपमा दायर भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट सफाइ पाउनुभएको छ ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश बासुदेव आचार्य तथा सदस्य न्यायाधीशद्वय हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले सोमबार सिंहसहित सात जनालाई आरोपबाट सफाइ दिने फैसला गरेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत जेठ २५ गते सिंहविरुद्ध अर्काको छोरीलाई आफ्नै छोरीका रूपमा प्रस्तुत गरी झुटो विवरणका आधारमा नागरिकता दिलाएको आरोपमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।



अख्तियारले सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाकी रिता भट्टराईकी छोरीलाई सिंहले आफ्नै छोरी 'रुविना श्रेष्ठ' का रूपमा प्रस्तुत गरी नागरिकता दिलाएको दाबी गरेको थियो । सिंहले भने भट्टराई आफ्नो दोस्रो श्रीमती भएको बताउँदै आउनुभएको थियो ।

मुद्दा दायर भएपछि सिंह निलम्बनमा पर्नुभएको थियो । विशेष अदालतबाट सफाइ पाएसँगै उहाँको मेयर पदको निलम्बन फुकुवा भएको छ ।

यस मुद्दामा सिंहसँगै वीरगञ्ज महानगरपालिका-३ का तत्कालीन वडा सचिव भिखारी राय, तत्कालीन कार्यवाहक वडाध्यक्ष तुफैल अख्तर ठकुराई, जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षड्कुमार पोखरेल, गृह मन्त्रालयका तत्कालीन उपसचिव पुष्कर राना र शाखा अधिकृत पर्शुराम पोखरेलले पनि सफाइ पाउनुभएको छ ।

विशेष अदालतले मुद्दामा प्रतिवादी बनाइएका सबै सात जनालाई आरोप पुष्टि हुन नसकेको ठहर गर्दै सफाइ दिएको हो ।

## गहवामाई तीर्थ विकास क्षेत्र समितिद्वारा बाढीपीडितलाई दुई लाख ११ हजार सहयोग



वीरगञ्ज, २९ भदौ / भोटेकोशी र त्रिशूली नदीमा भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि वीरगञ्जको गहवामाई तीर्थ विकास क्षेत्र समितिले दुई लाख ११ हजार रुपियाँ सहयोग गरेको छ ।

समितिका अध्यक्ष श्याम पोखरेलले सोमबार उक्त रकमको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी पर्सा क्षेत्र नं. २ का सांसद सुशील साह कानुलाई हस्तान्तरण गर्नुभएको हो ।

विपद्का कारण प्रभावित परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले समितिले रकम सहयोग गरेको अध्यक्ष पोखरेलले बताउनुभयो । उहाँले विपद्का बेला पीडित परिवारलाई सहयोग गर्नु सामाजिक दायित्व भएको उल्लेख गर्नुभयो ।

चेक बुझ्दै सांसद कानुले रसुवा बाढीपीडितका लागि सहयोग गरेकोमा गहवामाई तीर्थ विकास क्षेत्र समितिलाई धन्यवाद दिनुभयो । उहाँले विपद्को समयमा प्रभावित परिवारलाई सहयोग गर्नु सबैको साझा दायित्व भएको बताउँदै राहत तथा पुनःस्थापनाका लागि प्राप्त सहयोगले पीडित परिवारलाई राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो । चेक हस्तान्तरण कार्यक्रममा समितिका उपाध्यक्ष देवानन्द कलवार, सचिव लक्ष्मीनारायण गुप्ता, कोषाध्यक्ष रविशंकर वर्णवाल, सदस्यहरू सीताराम उपाध्याय र अनुप अग्रवाल तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साका युवा नेता सुधीर पटेल र राम आर्यको सहभागिता थियो ।

## सवारी दुर्घटनामा घाइते युवकको उपचारका क्रममा मृत्यु

कलैया, २९ भदौ । बाराको कलैया उपमहानगरपालिका-५ बालमन्दिरस्थित सडकमा भएको सवारी दुर्घटनामा घाइते भएका एक युवकको उपचारका क्रममा मृत्यु भएको छ ।

गत शुक्रबार ना.२० प ९२४६ नम्बरको मोटरसाइकल र म.प्र.०३-००१ ह ६११३ नम्बरको ई-रिक्सा आपसमा ठोक्किँदा मोटरसाइकल चालक

बाँकी तेश्रो पेजमा

## सरकारी सेवा बिचौलियामुक्त बनाउन गृह मन्त्रालयको निर्देशन




बारा, २९ भदौ / गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयलाई सरकारी सेवा प्रवाहलाई बिचौलियामुक्त, छिटोछरितो र प्रभावकारी बनाउन निर्देशन दिएको छ ।

सहसचिव आनन्द काफ्लेद्वारा हस्ताक्षरित परिपत्रमार्फत कार्यालय परिसर तथा आसपास बिचौलियाका रूपमा गैरकानुनी रकम असुल गर्ने व्यक्तिमाथि कडा निगरानी राखी कानुनबमोजिम कारबाही गर्न निर्देशन दिइएको हो । मन्त्रालयले अपाङ्गता भएका व्यक्ति, असक्त, गर्भवती महिला, साना बच्चा भएका महिला, ज्येष्ठ नागरिक तथा टाढाबाट सेवा लिन आउने सेवाग्राहीलाई प्राथमिकताका साथ सेवा उपलब्ध गराउन पनि निर्देशन दिएको छ । परिपत्रअनुसार जिल्ला प्रशासन कार्यालयमा रहेको नागरिक सहायता कक्षबाट निवेदन तथा फाराम उपलब्ध गराउने, राष्ट्रिय परिचयपत्र र राहदानीका लागि अनलाइन फाराम भरिदिने, फोटोकपी, स्क्यान तथा इमेल-प्रिन्टलगायतका सेवा पूर्ण रूपमा निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

त्यसैगरी जिल्लास्थित अन्य सरकारी तथा गैरसरकारी कार्यालयसँग आवश्यक समन्वय गरी सेवाग्राहीलाई सेवा लिन सहज वातावरण निर्माण गर्न मन्त्रालयले निर्देशन दिएको छ ।

कार्यालयबाट प्रदान हुने सेवा, आवश्यक कागजात तथा कार्यविधिबारेको सूचना कार्यालयको वेबसाइट तथा सामाजिक सञ्जालमार्फत नियमित रूपमा अद्यावधिक गर्नसमेत परिपत्रमा भनिएको छ ।

मन्त्रालयले सरकारी सेवा प्रवाहमा अनावश्यक झन्झट तथा अतिरिक्त आर्थिक भार हटाउँदै नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्न यस्तो व्यवस्था लागू गर्न निर्देशन दिएको जनाएको छ

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

### बाल सुरक्षाको गम्भीर चुनौती र बढ्दो जोखिम

बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिकाबाट एक साताभित्र चार जना बालबालिका बेपत्ता हुनु र पछि भारतको मोतिहारीमा सुरक्षित फेला पर्नुले सीमावर्ती क्षेत्रमा बाल सुरक्षाको कमजोर अवस्थालाई प्रष्ट पारेको छ । पछिल्लो समय उमेर नै नपुगेका अबोध नाबालकहरू बढी हराउने र जोखिममा पर्ने क्रम बढ्नुले समग्र समाजलाई नै त्रसित र चिन्तित तुल्याएको छ । हराएका नाबालकहरू सकुशल भेटिनु सकारात्मक र राहतको विषय भए तापनि यस घटनाले हाम्रा सुरक्षा संयन्त्र, खुल्ला सीमा नाकाको फितलो निगरानी र अभिभावकीय दायित्वमाथि गम्भीर प्रश्न चिह्न खडा गरिदिएको छ ।

आफ्नो राम्रो-नराम्रो छुट्याउन समेत नसक्ने साना नाबालकहरू कसरी र कसको प्रलोभनमा परेर सजिलै सीमा पार गरे भन्ने कुरामा सुरक्षा निकाय अनभिज्ञ रहनुले सीमामा खटिएका सुरक्षाकर्मीको कार्यशैली र निगरानी प्रणालीमाथि गम्भीर प्रश्न उब्जाएको छ । यसले व्यक्तिगत रूपमा बालबालिका हराएको मात्र नभई, साना नाबालकहरूलाई निशाना बनाउने संगठित बाल तस्कर समूहको भयानक सक्रियतालाई समेत संकेत गर्दछ ।

तसर्थ, यस्ता संवेदनशील घटनाहरू दोहोरिन नदिनका लागि नेपाल-भारत दुवै देशका सुरक्षा निकायबीच तीव्र समन्वय, सीमा नाकामा सीसीटीभीसहितको कडा डिजिटल जाँच, र समुदायस्तरमा व्यापक अभिभावकीय सचेतना अभियान सञ्चालन गर्नु अपरिहार्य देखिन्छ । नाबालकहरू भेटिए भन्दैमा यो विषयलाई सहज रूपमा नलिई भविष्यमा कोही पनि बालबालिका असुरक्षित नहुने वातावरण निर्माण गर्न राज्य र समाज दुवै उत्तिकै जिम्मेवार बन्नु आजको आवश्यकता हो ।

# राष्ट्रसंघमा जलवायु न्याय




रामजी दाहाल

प्रधानमन्त्री वालेन्द्र शाहको पहिलो विदेश भ्रमण अमेरिकाबाट सुरु हुँदै छ । संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभामा भाग लिन प्रधानमन्त्री शाह २०८३ असोज ६ मा अमेरिका जाँदै हुनुहुन्छ । यसअघि परराष्ट्रमन्त्री शिशिर खनाललाई महासभामा नेपालका तर्फबाट नेतृत्व गर्ने गरी पठाउने निर्णय भए पनि १० भदौमा भोटेकोशी नदीमा आएको बाढीपछि जलवायु सङ्कटसम्बन्धी नेपालले भोगिरहेको पीडाका बारेमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने मूल ध्येयका साथ नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री शाहले महासभामा सम्बोधन गर्ने कार्यक्रम तय भएको हो । ८ असोजमा महासभालाई सम्बोधन गरेपछि १० असोजमा स्वदेश फर्कने उहाँको कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

प्रधानमन्त्री शाहको यो भ्रमण खास गरी जलवायु न्यायका दृष्टिकोणले अन्तर्राष्ट्रिय मञ्चमा नेतृत्वदायी भूमिका निर्वाह गर्न नेपालका लागि यो एउटा महत्वपूर्ण अवसर पनि हो । तसर्थ प्रधानमन्त्री शाहको यो भ्रमणले जलवायु परिवर्तनको असर न्यूनीकरण गरी वातावरण संरक्षण नेपालको विदेश नीतिको प्राथमिक मुद्दा हो भन्ने सन्देश अन्तर्राष्ट्रिय समुदायलाई दिन सक्नु पर्छ । यस्तो महत्वपूर्ण मञ्चबाट नेपालले राष्ट्रसङ्घसहित अन्य अन्तर्राष्ट्रिय जगत्लाई नीति निर्माण तथा त्यससम्बन्धी सन्धि, सम्झौता र निर्णय कार्यान्वयन गराउन प्रभावकारी भूमिका निर्वाह गर्ने छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

संयुक्त राष्ट्रसङ्घको महासभा भनेको विश्वव्यापी कूटनीतिको उपल्लो निकायसमेत हो । त्यसैले यो महासभा केवल औपचारिक भाषण गर्ने थलो मात्र नभएर नेपाल जस्ता साना, विकासोन्मुख र भूपरिवेष्ठित राष्ट्रका लागि आफ्ना पिरमर्का, अधिकार र बहुपक्षीय हितका पक्षमा विश्व समुदायको ध्यानाकर्षण गराउने एउटा महत्वपूर्ण मञ्च पनि हो भन्ने कुरा ६५ वर्षअघिको महासभालाई स्मरण गर्नु सान्दर्भिक हुन्छ । सन् १९६० मा तत्कालीन प्रधानमन्त्री बिपी कोइरालाले १५ औँ महासभामा निडर ढङ्गबाट असंलग्न कूटनीतिक अडान प्रस्तुत गरेको विषयले आज पनि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको चर्चा भइहरेको पाइन्छ । दुई ठुला शक्ति राष्ट्र अमेरिका र सोभियत सङ्घबिच शीतयुद्धको चरम उत्कर्षका बेला नेपाल कुनै पनि गुटमा नलाग्ने नीतिलाई विश्व मञ्चमा स्थापित गराउन बिपी कोइराला त्यतिबेला नै सफल भएको मानिन्छ । साथै छिमेकी चीनलाई राष्ट्रसङ्घको सदस्यता दिनुपर्ने पक्षमा कोइरालाले बनाएको माहोलका कारण सन् १९७१ मा राष्ट्रसङ्घले चीनलाई सदस्यता प्रदान गरेको थियो । यस घटनापछि नै नेपाल अन्तर्राष्ट्रिय राजनीतिमा एक निडर र स्वतन्त्र असंलग्न राष्ट्रका रूपमा स्थापित गराउन सफल भएको थियो । अन्तर्राष्ट्रिय पहिचान र कूटनीतिक प्रभावका दृष्टिले आजपर्यन्त बिपी कोइरालाको त्यो सम्बोधनको महत्व रहिआएको छ र त्यसपछिका दिनमा पनि राष्ट्रसङ्घीय मञ्चमा नेपालको विभिन्न समयमा आफ्नो विशिष्ट किसिमको पहिचान रहिआएको छ । आजको दिनमा अमेरिका, भारत र चीनबिचको बढ्दो राजनीतिक र व्यापारिक प्रतिस्पर्धाका बिच आफ्नो असंलग्न परराष्ट्र नीतिलाई जोगाउँदै सबैको विश्वास जित्ने कूटनीतिक कुशलता प्रदर्शन गर्न सक्नु पक्कै पनि नेपालको हितमा हुने छ ।

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको संस्थागत विकास, संविधानको सफल कार्यान्वयन जस्ता राजनीतिक मुद्दासँगै पूर्वाधार निर्माणका क्षेत्रमा मन्दगतिमा भए पनि काम भइरहेका थिए । यति नै बेला जलवायु परिवर्तनको समस्याका कारण भोटेकोशीमा आएको महाविपत्तिले पुऱ्याएको विनाशबाट सिङ्गो मुलुक आक्रान्त भएको छ । यो पृष्ठभूमिमा प्रधानमन्त्री शाहले राष्ट्रसङ्घको ८१ औं महासभालाई गर्ने सम्बोधनलाई परम्परागत औपचारिक कूटनीतिक निरन्तरतामा मात्र सीमित नगरी नेपालको बदलिँदो प्राथमिकता, भूराजनीतिक सन्तुलन र राष्ट्रिय हितका एजेन्डालाई परिणाममुखी ढङ्गले प्रस्तुत गर्ने महत्वपूर्ण अवसरका रूपमा उपयोग गरिनु पर्छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने मुख्य प्राथमिकताका विषयमध्ये पहिलो हो, जलवायु न्याय ।

जलवायु न्यायसँगै जोडिएको विषय हो, हानि तथा नोक्सानी कोषको कार्यान्वयन । किनभने विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ज्यादै नगण्य मात्रामा रहेको छ तर जलवायु परिवर्तनका कारण हिमताल विस्फोट, बेमौसमी बाढी, पहिरो र सुक्खा खडेरी जस्ता विपत्को प्रत्यक्ष मार नेपालले खेप्नु परिरहेको छ । तसर्थ, नेपालले यस किसिमको विपत्का बेला सहयोगका लागि दाताहरूसँग याचना गर्नेभन्दा पनि जलवायु न्यायको मुद्दालाई जोडतोडका साथ उठाउन गर्न सक्नु पर्छ । त्यसका लागि सबैभन्दा उपयुक्त मञ्च भनेको यही महासभा नै हो । किनभने विश्वका मुख्य प्रदूषक धनी देशले साना र पर्वतीय राष्ट्रलाई क्षतिपूर्ति दिनुपर्ने र कोप सम्मेलनमा घोषणा गरिएको हानि तथा नोक्सानी कोषको बजेट नेपाल जस्ता उच्च जोखिममा रहेका देशमा सोझै र बिनाअवरोध पुग्ने संयन्त्र बनाउने विषयमा जोड दिनु पर्छ ।

विश्वव्यापी तापक्रम वृद्धिका कारण गम्भीर सङ्कट सिर्जना भइरहेको उल्लेख गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको जलवायु न्याय सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायसँग अपिल पनि गर्नु भएको छ । यसै गरी 'नेपालले नखाएको विषको असर भोग्नु परेको' भन्दै सरकारले संयुक्त राष्ट्रसङ्घ अन्तर्गतको हानि तथा नोक्सानी कोषसँग क्षतिपूर्ति दाबी गरी पत्राचारसमेत गरिसकेको छ । २९ नोभेम्बरदेखि १ अक्टोबर २०२३ मा राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपालको ऐतिहासिक भ्रमण गरी सगरमाथा क्षेत्रबाटै जलवायु क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय अपिल गर्नुभएको ताजै छ । त्यतिमात्र होइन, भ्रमणका क्रममा महासचिव गुटेरेसले नेपालको सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्दै विश्वव्यापी शान्ति, जलवायु न्याय र नेपालको विकास प्रयासमा राष्ट्रसङ्घको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरेको विषयलाई जारी महासभामा स्मरण गराउनु सान्दर्भिक नै हुने छ ।

दुई ठुला भूराजनीतिक शक्ति राष्ट्र भारत र चीनका बिचमा रहेको नेपालका लागि समुद्रसम्मको निर्बाध पहुँच र व्यापारिक पारवहन अधिकार सबैभन्दा चासाको विषय भएको छ । भूपरिवेष्टित विकासोन्मुख राष्ट्रको साझा सञ्जालमार्फत नेपालले सन् १९८२ को संयुक्त राष्ट्रसङ्घीय समुद्री कानुन महासन्धिसम्बन्धी व्यवस्थाबमोजिम निर्बाध पारवहन अधिकार पाउनु पर्दछ । राष्ट्र सङ्घको ५० औं महासभामा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले नेपाल जस्ता भूपरिवेष्टित र अल्पविकसित देशले समुद्रसम्म पाउने निर्वाध पहुँच र व्यापारिक अधिकारको मुद्दालाई रणनीतिक रूपमा उठाएका थिए । जसले पछि गएर अल्पविकसित तथा भूपरिवेष्ठित देशको अन्तर्राष्ट्रिय सञ्जाल र महासन्धिका व्यवस्थामा नेपालको पक्षपोषण गर्न ठुलो मद्दत पुऱ्याएको थियो । तसर्थ क्षेत्रीय आपूर्ति शृङ्खलामा आउने अवरोधले नेपाल जस्ता साना मुलुकको अर्थतन्त्रमा पार्ने नकारात्मक असरबारे विश्वको ध्यानाकर्षण गराउनका लागि पनि नेपालले यसै मञ्चलाई सदुपयोग गर्नु पर्दछ ।

संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा नेपाल विश्वकै सबैभन्दा ठुलो योगदानकर्ता राष्ट्रमध्ये पर्दछ । नेपाली सेना र नेपाल प्रहरीले विश्वका अति जोखिमयुक्त द्वन्द्व ग्रस्त क्षेत्रमा खटिएर शान्ति स्थापनामा ऐतिहासिक र अतुलनीय योगदान पुऱ्याएका छन् । तसर्थ, त्यसको कदर गर्दै आगामी दिनमा राष्ट्रसङ्घका उच्च निर्णयकर्ता तहमा नेपालको सम्मानजनक प्रतिनिधित्वका लागि ध्यानाकर्षण गराउनु पर्दछ । यसका साथै, शान्ति मिसनमा खटिने सुरक्षाकर्मीको सुरक्षा, आधुनिक उपकरणको उपलब्धता र सेवा सुविधा वृद्धिका विषयलाई पनि महासभामा जोडदार ढङ्गबाट उठाउनु पर्दछ ।

यस्ता मञ्चमा हुने मूल सम्बोधनका अलवा विभिन्न देशका राष्ट्रप्रमुख, सरकार प्रमुख, राष्ट्रसङ्घका अङ्गका प्रमुखहरूसँग हुने साइडलाइन बैठकले आर्थिक कूटनीतिमा दीर्घकालीन र महत्वपूर्ण अर्थ राख्ने गरेको हुन्छ । तसर्थ, द्विपक्षीय भेटवार्ता र बहुपक्षीय सम्बन्धका दृष्टिकोणबाट महत्वपूर्ण हुने यस्ता साइडलाइन बैठकहरू प्रधानमन्त्री शाहको भ्रमण छोटो भएका कारण सम्भव नभए पनि परराष्ट्रमन्त्री खनालले त्यसको अधिकतम उपयोग गर्न सक्नु पर्छ ।

यसका साथै, क्षेत्रीय र बहुपक्षीय मुद्दालाई एक्लैले उठाउनुभन्दा नेपाल जस्ता भूपरिवेष्टित र अल्पविकसित राष्ट्रहरूको साझा मञ्च बनाएर एउटै स्वरमा बोल्दा त्यसले अन्तर्राष्ट्रिय समुदायमाथि दबाब सिर्जना गर्न थप बल मिल्ने छ । तसर्थ, विश्व राजनीतिमा नेपालको उपस्थिति र अडान स्पष्ट पार्ने यो ऐतिहासिक समयमा जलवायु न्यायको विषयलाई रणनीतिक र कूटनीतिक हिसाबले जति सशक्त ढङ्गबाट उठान गर्न सक्छ, त्यति नै अन्तर्राष्ट्रिय मञ्चमा नेपालको कूटनीतिक उचाइ बढ्ने छ भन्ने बास्तविकतालाई परराष्ट्र मन्त्रालयका अधिकारी र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को सचिवालय अनि प्रधानमन्त्री शाहको सचिवालयले गम्भीरतापूर्वक लिनु पर्छ ।

**साभारःगोरखापत्र**



सम्पूर्ण इलेक्ट्रोनिक सामानहरू तथा ल्यापटप, डेक्सटप किस्ताबन्दीमा पाईन्छ ।

आधिकारित विक्रेताः शुभलक्ष्मि बहुउद्देश्यिय सहकारी संस्था लिमिटेड, बिरगंज पर्सा ९८४४२५०३८८

किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# मलेसियामा निधन भएका ध्रुवको शव नेपाल ल्याउन सांसद कानुको पहल

वीरगञ्ज, २९ भदौ / पर्सा क्षेत्र नं. २ का सांसद सुशील साह कानुले पर्सागढी नगरपालिका-९ बडेर्वाका शिव महतो थारुका छोरा ध्रुव महतो थारुको मलेसियामा भएको निधनप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारलाई भेटेर समवेदना व्यक्त गर्नुभएको छ ।

मलेसियामा चार दिनअघि ध्रुवको निधन भएको खबर पाएपछि सांसद कानु सोमबार उहाँको घर बडेर्वा पुगेर परिवारजन तथा स्थानीयवासीसँग भेटघाट गर्नुभएको हो ।



भेटका क्रममा सांसद कानुले दुःखको यस घडीमा आफू परिवारको साथमा रहेको बताउँदै धैर्य धारण गर्न आग्रह गर्नुभयो ।

उहाँले मलेसियामा निधन भएका ध्रुवको शव यथाशीघ्र नेपाल ल्याउन आवश्यक पहल तथा समन्वय गरिरहेको बताउनुभयो । शव नेपाल ल्याउने प्रक्रियामा सम्बन्धित निकाय तथा सरोकारवाला पक्षसँग आवश्यक समन्वय गरिने उहाँले जानकारी दिनुभयो

वैदेशिक रोजगारीका क्रममा परिवारका सदस्य गुमाउनुपर्दाको पीडाप्रति आफू संवेदनशील रहेको बताउँदै सांसद कानुले मृतकको शव नेपाल ल्याउने कार्यलाई प्राथमिकताका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## सवारी दुर्घटनामा घाइते....

कलैया उपमहानगरपालिका-१७ का २७ वर्षीय अमित पटेल गम्भीर घाइते भएका थिए ।

दुर्घटनामा घाइते पटेलको सुरुमा राजलक्ष्मी अस्पताल, कलैयामा उपचार गरिएको थियो । उपचारका क्रममा लिभरमा जटिल समस्या देखिएपछि थप उपचारका लागि उहाँलाई मेडिसिटी अस्पताल, ललितपुर लगिएको थियो ।

अस्पतालमा लिभरको शल्यक्रियासहित उपचार भइरहेको अवस्थामा आइतबार राति चिकित्सकले पटेललाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

दुर्घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## राष्ट्रिय बाल अधिकार...

प्रथम, नारायणी समूह द्वितीय र लुम्बिनी समूह तृतीय भएको छ । प्रथम हुने जनकपुर समूहमा सोनु गुप्ता, नेहा जैसवाल, पूजा यादव र अपसारा खातुन रहेका थिए ।

त्यसैगरी द्वितीय हुने नारायणी समूहमा रोहित जैसवाल, कुशुम खातुन र स्वेता कुमारी यादव तथा तृतीय हुने लुम्बिनी समूहमा अजित साह, आरती राम, सन्जाना गुप्ता र अर्चना यादव रहेका थिए ।

विजेता विद्यार्थीलाई शैक्षिक सामग्री पुरस्कारस्वरूप प्रदान गरिएको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामनरेश पटेलले बालबालिकाको सर्वाङ्गीण विकासका लागि शिक्षा मुख्य आधार भएको बताउनुभयो । उहाँले विद्यार्थीको चौतर्फी विकासका लागि विद्यालयले आगामी दिनमा पनि अतिरिक्त क्रियाकलाप तथा विभिन्न चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा शिक्षकहरू उपेन्द्र पटेल, सिद्धार्थ यादव, निलम पटेल, आरती राम, प्रमिला शर्मा र सरिता यादवलगायत विद्यार्थी तथा अभिभावकको सहभागिता थियो ।

नेपालमा हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बाल अधिकार दिवस मनाउने गरिन्छ ।

# हरितालिका तीज पर्व आज मनाइँदै

वीरगञ्ज, २९ भदौ / भाद्र शुक्ल तृतीयाका दिन मनाइने हरितालिका ( तीज) पर्व आज देवादिदेव महादेवको पूजा-आराधना गरी मनाइँदैछ । यस अवसरमा महिलाहरू निराहार तथा फलाहार व्रत बसी शिव-पार्वतीको पूजा, उपासना गर्ने गर्दछन् ।

भाद्र शुक्ल तृतीयाका दिन व्रत बसी भगवान् शिव र पार्वतीको पूजा-आराधना गरेमा पारिवारिक सुख, शान्ति र कल्याण प्राप्त हुने धार्मिक विश्वास छ ।

पौराणिक मान्यताअनुसार सत्ययुगमा हिमालयपुत्री पार्वतीले महादेवलाई पति रूपमा प्राप्त गर्न गौरीघाटमा बसेर कठोर तपस्या गर्नुभएको थियो । तपस्याबाट प्रसन्न भएर महादेवले पार्वतीलाई पत्नीका रूपमा स्वीकार गर्ने वरदान दिनुभएको विश्वास छ ।

तर पार्वतीका पिता हिमालयले उहाँको इच्छाविपरीत भगवान् विष्णुसँग विवाह गरिदिने तयारी गरेपछि पार्वतीले आफ्ना साथीहरूसँग समस्या सुनाउनुभएको थियो । पार्वतीको इच्छा पूरा गर्न साथीहरूले उहाँलाई हरण गरी कसैले नदेख्ने स्थानमा लगेर लुकाएका थिए । त्यही स्थानमा पार्वतीले निराहार व्रत तथा तपस्या गरी महादेवलाई पति रूपमा प्राप्त गरेको धार्मिक मान्यता छ । पार्वतीलाई साथीहरूले हरण गरी लुकाएको दिन भाद्र शुक्ल तृतीया भएकाले त्यही समयदेखि हरितालिका तीजको व्रत बस्ने परम्परा सुरु भएको धर्मशास्त्रीय मान्यता रहेको छ ।

संस्कृत भाषाका 'हरित' र 'आलिका' दुई शब्द मिलेर 'हरितालिका' बनेको हो । 'हरित' को अर्थ हरण गरिएको र 'आलिका' को अर्थ साथी भन्ने हुन्छ ।

सत्ययुगमा आजकै दिन पार्वतीले निराहार व्रत बसेर महादेवलाई पति रूपमा प्राप्त गरेको विश्वासमा यस दिन व्रत बस्दा मनोकामना पूरा हुने धार्मिक मान्यता रहँदै आएको छ ।

## क्यासिनोबाट पक्राउ...

रुपियाँ र इलाका प्रहरी कार्यालय पोखरियाका तत्कालीन प्रहरी निरीक्षक प्रदीप पौडेलले १८ हजार रुपियाँ धरौटी बुझाएका छन् ।

त्यसैगरी क्यासिनोका कर्मचारी विजयकुमार पटेल, दिनेशकुमार पटेल र जयदेव साहले जनही २० हजार रुपियाँ धरौटी बुझाएर रिहा भएका छन् । अध्यक्ष यादवसँगै पक्राउ परेका चन्दन सहनी र ओमप्रकाश बैठा तथा क्यासिनोका कर्मचारी एवं अभिनेता प्रदेशी साहले जनही १५ हजार रुपियाँ धरौटी बुझाएका छन् ।

भदौ २० गते राति करिब १०:३० बजे नेपाली नागरिकलाई क्यासिनोमा प्रवेश गराई जुवा खेलाइरहेको सूचना पाएपछि जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले क्यासिनोमा छापा मारेको थियो । छापाका क्रममा नेपाली नागरिकलाई क्यासिनोमा प्रवेश गराई जुवा खेल्ने तथा खेलाउने कार्यमा संलग्न रहेको आरोपमा आठ जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका आठै जना नौ दिनपछि सोमबार धरौटी बुझाएर रिहा भएका हुन् ।







# भोटेकोशी बाढी प्रभावितको पुन:स्थापनामा स्रोतको कमी हुन दिँदैनौं : प्रधानमन्त्री शाह



काठमाडौँ, २९ भदौ / प्रधानमन्त्री वालेन्द्र शाहले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित क्षेत्रको पुनःस्थापनाका लागि स्रोतको कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा प्रधानमन्त्री शाहले पुन:स्थापनाका लागि सरकारले आफूसँग उपलब्ध स्रोतसाधनका साथै दातृ निकायबाट प्राप्त सहयोगसमेत परिचालन गर्ने बताउनुभयो ।

प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रका जनप्रतिनिधिसँगको छलफलले उनीहरूको मनोबल उच्च राख्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले विपद्का बेला संघ, प्रदेश र स्थानीय तहबीच तत्काल समन्वय भएर काम भएकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "यसअघि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय हुँदैन भन्ने सुन्दै आएका थियौँ, तर यस विपद्मा हामी एकै ठाउँमा उभियौँ, मिलेर काम गरेका छौँ ।"

प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रमा सडक सञ्जाल जतिसक्दो चाँडो पुनःस्थापना गर्ने गरी सरकारले निरन्तर काम गरिरहेको बताउनुभयो । सडक सञ्जाल सञ्चालनमा आएपछि प्रभावित नागरिकलाई पूर्ववत् जीवनमा फर्कन सहज हुने उहाँको विश्वास छ ।

भेटका क्रममा प्रधानमन्त्री शाहले नदी तटीय क्षेत्रमा रहेका बस्ती जोखिममा रहेको विषय सरकारले सुरुदेखि नै उठाउँदै आएको उल्लेख गर्नुभयो । उहाँले बाढीबाट प्रभावित तटीय क्षेत्रमा अब पुनः बस्ती बसाउन सम्भव नहुने भन्दै सुरक्षित स्थानमा नयाँ बस्ती विकास गर्ने तयारी सुरु गरिएको जानकारी दिनुभयो ।

"बस्ती बसाउँदा प्रभावित मानिसहरूको रोजगारी, शिक्षा, स्वास्थ्य, संस्कृति लगायतका विषयलाई ध्यान दिनुपर्छ । पूर्ववत् अवस्था उपलब्ध हुनुपर्छ, खेतीयोग्य जमिन जोगाउँदै वैज्ञानिक बस्ती व्यवस्थापन गर्नुपर्छ," प्रधानमन्त्री शाहले भन्नुभयो ।

नयाँ बस्तीका लागि उपयुक्त जग्गा पहिचान गरी संघीय सरकारलाई सिफारिस गर्न उहाँले स्थानीय जनप्रतिनिधिलाई आग्रह गर्नुभयो ।

प्रभावित क्षेत्रका जनप्रतिनिधिसँगको छलफलबाट बाढीपछिको वास्तविक अवस्था बुझ्नसमेत सहयोग पुगेको प्रधानमन्त्री शाहको भनाइ थियो ।

# हिस्टुन बाराको अध्यक्षमा सत्येन्द्रप्रसाद यादव




सिमरा, २९ भदौ / माध्यमिक विद्यालय शिक्षक युनियन नेपाल (हिस्टुन) बाराको अध्यक्षमा सत्येन्द्रप्रसाद यादव चयन हुनुभएको छ ।

कलैयास्थित श्री ३ चन्द्र माध्यमिक विद्यालयमा आइतबार सम्पन्न जिल्ला भेलाले यादवको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

भेलाले समितिको उपाध्यक्षमा संजीवकुमार उपाध्याय, महिला उपाध्यक्षमा ज्योति उपाध्याय पौडेल, सचिवमा जयशिव पण्डित, सहसचिवमा सन्तोषकुमार चौरसिया र कोषाध्यक्षमा ओमप्रकाश चौधरीलाई चयन गरेको छ ।

त्यसैगरी सदस्यहरूमा राजेश तिवारी, कन्हैया साह, सुशील पण्डित, डा. रमेशकुमार झा, राम रावत र शम्भु गुप्ता चयन हुनुभएको छ ।

भेलामा देवीकुमारी सापकोटा, ग्यासुद्दिन अन्सारी र कालिकाप्रसाद ढकालले शिक्षकहरूबीचको एकताबाट मात्रै पेशागत अधिकार सुरक्षित गर्न सकिने धारणा राख्नुभयो । साविक उच्च माध्यमिक विद्यालयका शिक्षकहरूले अझै पनि विभिन्न क्षेत्रमा विभेद भोग्नुपरेको उहाँहरूको गुनासो थियो ।

जिल्लाका विभिन्न विद्यालयका ४० भन्दा बढी शिक्षक-शिक्षिकाको सहभागिता रहेको भेलाले सल्लाहकार समिति गठन तथा बैंक खाता सञ्चालनलगायतका विषयमा छलफल गरी आवश्यक निर्णयसमेत गरेको जनाइएको छ ।

# वीरगञ्जमा गणेश चतुर्थीको रौनक, घडिअर्वामा पाँचदिने महोत्सव सुरु



वीरगञ्ज, २९ भदौ / विघ्नहर्ता भगवान् गणेशको पूजा आराधना गरी सोमबार गणेश चतुर्थी व्रत मनाइएको छ । गणेश चतुर्थीका अवसरमा देशभरका गणेश मन्दिरमा विशेष पूजा आराधनासहित भगवान् गणेशको जन्मोत्सव मनाइएको हो ।

शास्त्रीय मान्यताअनुसार सत्ययुगमा भाद्र शुक्ल चतुर्थीका दिन भगवान् गणेशको जन्म भएको मानिन्छ । शिव-पार्वतीका पुत्र गणेशलाई धार्मिक तथा शुभकार्यमा अग्रपूजाको अधिकार प्राप्त देवताका रूपमा पूजा गर्ने परम्परा छ ।

हरितालिका (तीज) को व्रत पारायण गरी चतुर्थीका दिन गणेशको व्रत बस्ने धार्मिक परम्परा रहेको छ । भाद्र शुक्ल तृतीयाका दिन सुखद दाम्पत्य जीवन तथा सुख, शान्तिको कामना गर्दै व्रत बसेका महिलाले चतुर्थीका दिन जीवनमा कुनै विघ्न नआओस् भन्ने कामनासहित गणेशको पूजा गर्ने विधान रहेको धार्मिक ग्रन्थमा उल्लेख छ ।

यसैबीच वीरगञ्ज महानगरपालिका-१० घडिअर्वामा पनि सोमबारदेखि गणेश चतुर्थी महोत्सव सुरु भएको छ । घडिअर्वास्थित रामजानकी मन्दिर परिसरमा आकर्षक टेन्ट-पण्डाल निर्माण गरी भगवान् गणेशको मूर्ति स्थापना गरेर पूजापाठसहित महोत्सवको शुभारम्भ गरिएको हो ।

महोत्सवस्थलमा भगवान् गणेशको मूर्तिअगाडि १५१ किलोग्रामको लड्डु बनाएर प्रसादका रूपमा राखिएको छ ।

जय गणेश झन्कार मण्डल परिवार र जय गणेश पूजा सञ्चालक समितिको संयुक्त आयोजनामा सुरु भएको महोत्सव पाँच दिनसम्म सञ्चालन हुने आयोजक समितिका अध्यक्ष मदनप्रसाद कलवारले जानकारी दिनुभयो ।

उहाँका अनुसार महोत्सव अवधिभर साँझ सन्ध्या आरती, महाप्रसाद वितरण, अखण्ड ज्योति, भजन-कीर्तन तथा विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिनेछ । धार्मिक तथा सांस्कृतिक कार्यक्रमका लागि स्थानीय कलाकारसँगै भारतका विभिन्न सहरबाट समेत कलाकार बोलाइएको उहाँले जानकारी दिनुभयो ।

# राष्ट्रिय बाल अधिकार दिवसमा हाजिरीजवाफ प्रतियोगिता




सिमरा, २९ भदौ / राष्ट्रिय बाल अधिकार दिवसको अवसरमा बाराको आदर्श कोतवाल गाउँपालिका-स्थित पटेर्वाको डाईमन्ड बोर्डिङ स्कुलमा सोमबार हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको छ ।

'बालबालिकाको हक, अधिकार, संरक्षण र प्रवर्द्धन' भन्ने नाराका साथ आयोजित प्रतियोगितामा करिब दुई सय विद्यार्थीको सहभागिता रहेको थियो ।

सहभागी विद्यार्थीलाई नारायणी, जनकपुर र लुम्बिनी गरी तीन समूहमा विभाजन गरिएको थियो ।

प्रतियोगितामा जनकपुर समूह

बाँकी तेश्रो पेजमा

# बाढीमा बेपत्ता विकासका परिवारलाई पूर्वअध्यक्ष चौरसियाको सहयोग



वीरगञ्ज, २९ भदौ / रसुवामा आएको विनाशकारी बाढीमा बेपत्ता भएका पर्साको पकाहाँ मैनपुर गाउँपालिका-१ धोरेका २४ वर्षीय विकासकुमार वर्णवालका परिवारलाई गाउँपालिकाका पूर्वअध्यक्ष विजय चौरसियाले आर्थिक तथा सामग्री सहयोग गर्नुभएको छ ।

बेपत्ता विकासको परिवारलाई भेट्न सोमबार धोरे पुग्नुभएका चौरसियाले शोकाकुल परिवारप्रति समवेदना व्यक्त गर्दै २१ हजार रुपियाँ नगद सहयोग गर्नुभएको हो । उहाँले परिवारका लागि आवश्यक सामग्रीस्वरूप दुई थान ग्यास सिलिन्डरसमेत उपलब्ध गराउनुभएको छ ।

परिवारसँगको भेटमा पूर्वअध्यक्ष चौरसियाले विपत्तिका कारण परिवारले भोगिरहेको पीडा अत्यन्त दुःखद रहेको बताउँदै कठिन परिस्थितिमा सबैले मानवीय संवेदनासहित सहयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

रसुवाको बाढीपछि बेपत्ता भएका विकासको हालसम्म अवस्था अज्ञात छ । उहाँको शवसमेत फेला नपरेपछि परिवारले धार्मिक परम्पराअनुसार कुशको प्रतीकात्मक शव बनाएर अन्त्येष्टि गरिसकेको जनाइएको छ ।

परिवारका एक्लो छोरा तथा तीन दिदीबहिनीका भाइ विकास बेपत्ता भएपछि परिवार शोकमा डुबेको छ । यस्तो अवस्थामा पूर्वअध्यक्ष चौरसियाले गरेको आर्थिक तथा सामग्री सहयोगले परिवारलाई केही राहत पुग्ने स्थानीयवासीले बताएका छन् ।

**बाल अधिकारको संरक्षण गरौं**

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने., सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३